बैठक मितिः २०८१/१२/६

बैठक सङ्ख्याः ३५

छलफल तथा निर्णयः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त ई-गभर्नेन्स ब्लुप्रिन्ट, लगानी वोर्डको कार्यालयबाट प्राप्त जग्गा प्राप्ति कोष सञ्चालन निर्देशिका, २०८१, सार्वजनिक-निजी साझेदारी नीति, २०८१, एवं सम्भाव्यता न्यून परिपूरक कोष स्थापना र सञ्चालन कार्यविधि, २०८१, अर्थ मन्त्रालयबाट प्राप्त विकास सहायता परिचालन तत्परता मूल्याङ्कन चेकलिष्ट, २०८१, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट प्राप्त राष्ट्रिय आर्टिफिसियल ईन्टेलिजेन्स नीति, २०८१, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट प्राप्त मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीति, २०८१ र युवा तथा खेलकुद मन्त्रालयबाट प्राप्त युवा नीति, २०८१ को मस्यौदा माथि छलफल हुँदा सम्बन्धित निकायबाट आयोग समक्ष प्रस्तुति गर्न अनुरोध गरी राय परामर्श पठाउने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ४१९१, मिति २०८१/११/२ को पत्रबाट बागमती प्रदेश सरकारको प्रशासनिक भवन तथा आवास निर्माणको लागि करिव ३१.०२ हेक्टर राष्ट्रिय वनक्षेत्रको जग्गा भोगाधिकार प्राप्त गर्ने प्रयोजनार्थ प्राथमिकता प्राप्त आयोजना निर्धारण सम्बन्धमा आवश्यक कार्यार्थ अनुरोध भई आएकोमा छलफल हुँदा वातावरणीय प्रभाव मूल्याङ्कनको परिधि भित्र रही आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० बमोजिम बागमती प्रदेश सरकारको प्रशासनिक तथा आवास निर्माण आयोजनालाई राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाको रूपमा तोक्ने।

३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको च.नं.५२४, मिति २०८१/१०/१४ को पत्रबाट मदन भण्डारी राजमार्ग योजना कार्यालय, झापाको कार्यक्षेत्र भित्र पर्ने बजेट उपशिर्षक नं ३३७०११०८ (मदन भन्डारी राजमार्ग आयोजना, बाहुनडाँगी देखि रूपाल सम्म) अन्तर्गत झण्डा चोक- सर्दुखोला सडक खण्ड (बाग खोला र बगुवा खोलासमेत) निर्माण आयोजनालाई आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्न अनुरोध भई आएकोमा छलफल हुँदा वातावरणीय प्रभाव मूल्याङ्कनको परिधि भित्र रही आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० बमोजिम राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाको रूपमा तोक्ने।

४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको च.नं.५२३, मिति २०८१/१०/१४ पत्रबाट मदन भण्डारी राजमार्ग योजना कार्यालय, सुर्खेतको कार्यक्षेत्र भित्र पर्ने बजेट उपशिर्षक नं ३३७०११०८ (मदन भन्डारी राजमार्ग आयोजना, बाहुनडाँगी देखि रूपाल सम्म) अन्तर्गत पातिहाल्ने बागचौर सडक खण्ड निर्माण आयोजनालाई आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्न अनुरोध भई

आएकोमा छलफल हुँदा मदन भण्डारी राजमार्ग अन्तर्गत पातिहाल्ने बागचौर सडक खण्ड आयोजनालाई राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाको रूपमा तोक्ने।

५. खानेपानी मन्त्रालयको च.नं. १३० मिति २०८१/९/२८ को पत्रबाट भेरी पम्पिङ्ग उप-आयोजनाको निर्माण, सञ्चालन तथा मर्मतका लागि उप-आयोजनाको intake तथा water treatment plant सम्म पुग्ने पहुँच सडक निर्माण गर्नु आवश्यक रहेको, यसको लागि राष्ट्रिय तथा सामुदायिक वनक्षेत्रको प्रयोग गर्नुपर्ने भएकाले भेरी पम्पिङ् उप-आयोजनाको एक कम्पोनेन्टको रूपमा रहेको सो पहुँचमार्ग निर्माणलाई समेत राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्न अनुरोध भईआएकोमा छलफल हुँदा वातावणीय प्रभाव मूल्याङ्कनको परिधि भित्र रही उक्त आयोजनाको उक्त कम्पोनेन्टलाई राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाको रूपमा तोक्ने।

६. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को व्यवस्था बमोजिम मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रम सम्बन्धमा विषयगत मन्त्रालय/निकायले पेश गर्ने प्रतिवेदनको ढाँचा, कार्यक्रम तथा बजेट छलफलको विषयक्षेत्रगत प्रतिवेदनको ढाँचा र आगामी तीन आर्थिक वर्ष (२०८२/८३-२०८४/८५) को मध्यमकालीन खर्च संरचना तथा आ.व. २०८२/८३ को बजेट तर्जुमा सम्बन्धमा नीतिगत तथा कार्यक्रमगत छलफल सम्बन्धी चेकलिष्ट तथा समयतालिका स्वीकृत गर्ने।

७. राष्ट्रिय योजना आयोगको कार्यविधि र आयोगको बैठक संचालन कार्यविधि एवं आयोगबाट सम्पादन गरिने कामहरूका लागि Standard Operating Process-SOP तर्जुमा गर्ने।

८. राष्ट्रिय योजना आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न प्रशासन महाशाखाका सहसचिवको नेतृत्वमा समिति गठन गर्ने।

९. राष्ट्रिय आयोजना बैंक (कार्य सञ्चालन र व्यवस्थापन) मापदण्ड, २०८१ अनुसार पूर्वाधार महाशाखालाई राष्ट्रिय आयोजना बैंकको सचिवालय तोक्ने।

१०. आयोगको नियमित बैठकमा प्रस्तुत गर्नु पर्ने प्रस्ताव आयोगको बैठक वस्नु भन्दा तीन दिन (७२) घण्टा अगाडि प्रशासन महाशाखामा आई पुग्ने व्यवस्था सबै महाशाखाले गर्ने।